हरिपुर्वा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. २ नेपाल

पत्र संख्या :-०७८/०७९

मिति:२०७८।४।४

चलानी नं.-

पोखरी ठेक्का खुला डाक बढाबढ आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७८।४।४

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाले स्वामित्व र संरक्षणमा रहेका तपशिलको पोखरीको ठेक्का आ.ब.०७८-०७९ देखि ५ बर्ष ठेक्का बन्दोबस्त गर्न खुला डाक बढाबढ गर्नु पर्ने भएकाले सर्बसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।सुचना प्रकाशित भएको १५ औ दिनको १२ बजेसम्म इच्छुक नेपाली नागरिकले देहायको शर्तहरुको परिधीभित्र रहि डाक बढाबढ भाग लिन आउनुहोला।बढीवालाको डाक स्वीकृत गर्ने वा नगर्ने अधिकार न.पा मा सुरक्षित रहनेछ।

तपसिलः

| क्र.स | ठेक्का लगाउने पोखरी | न्युनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | सहलेस पोखरी<br>हरिपुर्वा ५ | १५००,०००।००(पन्ध्र लाख) | ५ बर्षको लागि |

शर्त तथा बन्देजहरुः

१. डाक बढाबढी हुने मिति २०७८।४।१७ दिउसो १ बजे देखि हरिपुर्वा नगरपालिका कार्यालयमा ५ बजे सम्म हुने छ।सो दिन सार्बजनिक बिदाको दिन परेमा सो को भोलिपल्ट हुनेछ।

२. डाक बोलने ब्यक्ति वा फर्मले डाक बोल्ने बढाबढ न्युनतम अंक रु २० हजार र उच्चतम अंक रु २ लाख मात्र रहनेछ।र आफुले साकार गरेको अंकको ५% तुरुन्त धरौटी राख्नुपर्नेछ।र बिदशीको हकमा १०% धरौटी राख्नुपर्नेछ।

३. नगरपालिकालाई पेश्की रकम वा नगद जिन्सी बुझाउन बाकी रहेका ब्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणबस त्यस्ता ब्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित बिबरण जानकारी हुन आएमा ठक्का बदर गरि धरौटी बापत बुझाएको रकम समेत जफत गरिनेछ।

४. डाक स्वीकृत हुनेले ठेक्का अंकको दामासाहीले हुने धरौटी बाहेकको ५ बर्षलाई गरेको रकमको बार्षिक दामासाहीले हुने रकम रु (३,००,०००।००) पहिलो किस्ता (बार्षिक हुन आउने) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्नेछ।र बाकी ४ किस्ता रकम प्रत्येक बर्ष श्रावण मसान्त भित्र न.पा.मा बुझाउनु पर्नेछ।तोकिएको समयमा किस्ता रकम चुकता नभएमा प्रतिदिन रु ३०० को दरले बिलम्ब शुल्क लाग्ने छ।

५. पोखरी हाल जुन अबस्थामा छ सोहि अबस्थामा ठेक्का संचालन गर्नुपर्नेछ।र पछि बाढी बर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा टुटेमा ठेकेदारले स्वयम मर्मत गरि माछा पालन गर्नुपर्नेछ।सो मा लाग्ने खर्च न.पा.ले खर्च ब्यहोर्ने छैन।

मित्रलाल ढकाल
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

६. ठेकेदार र नगरपालिका कार्यालय बिच बिबाद उत्पन्न भएमा हरिपुर्वा नगरपालिकाले गरेको निर्णय अन्तिम र दुबै पक्षलाई मान्य हुने छ।

७. कुनै पनि बहाना र कारण देखाई ठक्का रकम मिनाहा , छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन।

८. पोखरीको माछा झिक्दा बिषादीको प्रयोग, करेन्ट लगाउने र बिष्पोट गर्न पाउने छैन। उक्त पोखरी सफा सुग्घर राख्नु पर्ने छ। पोखरीमा नुहाउन र पानी लिन र प्रचलित सस्कार मनाउन मनाहि गर्न पाउने छैन।

९. ठेक्का सम्बन्धी अन्य कार्य प्रचलित कानुन अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

मित्रलाल ढकाल
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)